# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या: २०७९/८० मिति: २०७९।०४।२८

**मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षाघातका विरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउन निवेदन दिने सम्बन्धि सुचना।**

नेपाल सरकार (माननिय मन्त्री स्तर) बाट मिति २०७८।१२।१३ गते स्वीकृत "मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षाघातका विरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८" अनुसार देहायको मापदण्डको आधारमा मासिक रूपमा औषधी उपचार खर्च रू ५,०००।०० (पाँच हजार) का दरले त्रैमासिक रूपमा सम्बन्धित वडा कार्यालयहरूबाट भुक्तानी हुने हुँदा उपर्युक्त रोग संग सम्बन्धित विरामीहरूले आ-आफ्नो वडा कार्यालयमा निवेदन दिनु हुन सुचित गरिन्छ।

तपसिल:

१. राष्ट्रिय परिचय पत्र वा नागरिकता प्रमाणपत्रको प्रतिलिपी, नाबालकको हकमा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी, अनुसुची १ बमोजिमको ढाँचामा चिकित्सकको सिफारिस, मेरूदण्ड पक्षघातको हकमा अपाङ्गता सम्बन्धि प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपी सहित वडा कार्यालयमा अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

२. नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठन संस्थाबाट रोजगारी निवृतिभरण वा विदेशी सरकारबाट साविकमा खाई पाई आएको सामाजिक सुरक्षा भत्ता वा यस निर्देशिका बमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र प्राप्त गर्न सक्नेछन।

३. नेपाल सरकारबाट उपलब्ध गराउँदै आएको जेष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछाडीएको भत्ता, अपाङ्ग भत्ता लगाएत नेपाल सरकारबाट साविकमा खाई पाई आएको सामाजिक सुरक्षा भत्ता वा यस निर्देशिका बमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र प्राप्त गर्न सक्नेछन।

४. यसै कार्यविधिमा उल्लेखित एक भन्दा बढी रोग लागेका व्यक्तीले दोहोरो गर्ने गरी यस किसिमको भत्ता प्राप्त गर्ने छैनन।

५. पेश गर्नुपर्ने कागजात संग सम्बन्धित अनुसूची १ र अनुसूची २ **https://ramgrammun.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

६. रकम भुक्तानीका लागि सम्बन्धित वडा कार्यालयले तोकेको बैंकमा खाता खोल्नु पर्नेछ।

..........................
मान बहादुर खड्का
प्रमुख प्रशासकिय अधिकृत

**मान बहादुर खड्का**
प्रमुख प्रशासकीय अधिकृत